**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा**
**माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल**
**आदेश**
रिट नं. ०७६-WO-०७०८
**मुद्दाः- उत्प्रेषण परमादेश ।**

नवलपरासी वर्दघाट सुस्ता पूर्व (नवलपुर) जिल्ला, गैंडाकोट नगरपालिका, वडा नं. १३, घर भई नेपाल कृषि सेवा एग्री इको एण्ड मार्केटिङ समुह अन्तर्गत रा.प. द्वितीय श्रेणीको वरिष्ठ कृषि अर्थ विज्ञ पदमा कार्यरत रहेको अवस्थामा बागमती प्रदेश (तत्कालीन प्रदेश ३) अन्तर्गत अधिकृत स्तर नवौं तहको पदमा समायोजन गरिएको रुद्रप्रसाद पौडेल------------------------ १

**निवेदक**

ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका, वडा नं. २, घर भई भई नेपाल कृषि सेवा एग्री इको एण्ड मार्केटिङ समुह अन्तर्गत रा.प. द्वितीय श्रेणीको वरिष्ठ कृषि अर्थ विज्ञ पदमा कार्यरत रहेको अवस्थामा गण्डकी प्रदेश अन्तर्गत अधिकृत स्तर नवौं तहको पदमा समायोजन गरिएको यादव पद्धयोती----------------------------------------------------------- १

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, सिंहदरबार काठमाडौं------------------------------------------------------------ १

**प्रत्यर्थी**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं----- १
समायोजन महाशाखा ऐ. ऐ.--------------------------------------------- १
कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं--------------- १

नेपालको संविधानको धारा ४६ र १३३ (२) (३) बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

**रिट निवेदनको तथ्यगत बेहोराः**

१. हामी निवेदकहरू निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० बमोजिम नेपाल कृषि सेवाको माथि निवेदक खण्डमा उल्लेखित समूहका पदमा नियुक्ति

पाएका कर्मचारी हौं । हाल हामी निवेदक खण्डमा लेखिएकै तह, निकाय र कार्यालयहरूमा कार्यरत रहेका छौ । निजामती सेवा ऐन, २०४९ को दफा ५८ मा कुनै पनि निजामती कर्मचारीलाई निजको नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तभरण र अन्य सुविधासम्बन्धी सेवाका शर्तहरूमा निजको स्वीकृति बेगर निजलाई प्रतिकूल असर पर्नेगरी परिवर्तन गरिने छैन .... प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्था बमोजिम गर्न मञ्जुर गरेको लिखित स्वीकृति नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन भन्ने व्यवस्था रहेको छ । हामी निवेदकहरू संविधानतः संघमा नै समायोजन हुने प्रकृतिको कर्मचारी भएको हुँदा हामीले संघलाई प्राथमिकतामा राखेर समायोजन फाराम भरेका थियौं । मिति २०७५/१२/११ को संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयानुसार भनी सोही मन्त्रालयको मिति २०७५/१२/१९ को पत्रानुसार म रूद्रप्रसाद पौडेललाई वागमती प्रदेश (तत्कालीन प्रदेश ३) र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्रीस्तरको मिति २०७६/०१/१३ को निर्णयानुसार भनी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको निर्णयानुसार भनी म यादव पद्धयोतीलाई गण्डकी प्रदेशमा समायोजन गर्ने पत्र तयार गरिएको रहेछ । हामी हाल अध्ययन विदामा रहेका हुँदा हामीलाई सो पत्र बुझाइएको छैन र हामीले बुझेका छैनौं । यसरी हामी संघमा नै समायोजन हुने प्रकृतिको कर्मचारी भएको र हामीले संघलाई नै प्राथमिकतामा राखेर समायोजन फाराम समेत भरेकोमा हाम्रो वृत्ति विकासमा गम्भीर असर पर्ने गरी कुनै कारण र आधार समेत नखुलाई हामीलाई प्रदेशमा समायोजन गर्ने निर्णय गरिएको र त्यसबाट हाम्रो संवैधानिक र कानुनी हकको हनन् हुन गएको तथा त्यसको वैकल्पिक प्रभावकारी उपचारको मार्ग समेत नभएको हुँदा सम्मानित अदालत समक्ष यो निवेदन गर्न आएका छौं । हामी निवेदक सेवा प्रवेश गर्दा विद्यमान कानुन अर्थात् हालको निजामती सेवा ऐन, २०४९ को मुख्य सचिवसम्म पुग्न सक्ने वृत्ति विकासको कानुनी व्यवस्था बमोजिम विशिष्ठ श्रेणी अर्थात व्यवसाय, रोजगार मार्गमा सबैको समान अवसर रहेको छ । हामी निवेदकहरू समेत सेवामा प्रवेश गर्दा स्वाभाविक रूपमा तत्काल वहाल रहेको संवैधानिक र कानुनी व्यवस्था बमोजिम व्यवस्थित वृत्ति विकासको अवसर संकूचित नहुने अपेक्षाका साथ जनता र राष्ट्रको सेवालाई केन्द्रमा राखी सेवा प्रवेश गरेका हौं । हाल हामीलाई समायोजन गरी प्रदेश तहमा खटाइएको कार्यबाट हाम्रो सेवा नै परिवर्तन हुने अवस्था सिर्जना भएको छ । निजामती सेवाको कर्मचारीलाई प्रदेश निजामती सेवाको पदमा हाम्रो मञ्जुरीविना समायोजन गर्नै मिल्दैन । निजामती सेवा ऐन, २०४९ को दफा ५८ मा कर्मचारीको नियुक्ति हुँदा तत्काल लागू रहेको सेवाका शर्तहरू तथा सुविधामा प्रतिकूल असर पर्ने गरी लिखित स्वीकृति विना परिवर्तन गरिने छैन भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था समेतको सन्दर्भमा हेर्दा समायोजनलाई ऐच्छिक विषय बनाएर समायोजनका लागि आवेदन दिदा सो आवेदनमा रोजेको निकायमा मात्र समायोजन गर्नु पर्नेमा त्यस प्रतिकूल समायोजन गरिनु दफा ५८ समेतको विपरीत रहेको छ । हामी निवेदकले निजामती सेवा

ऐन, २०४९ को दफा ५८ ले व्यवस्था गरे बमोजिम आवेदन गरेको तह बाहेक अन्यत्र समायोजन हुन लिखित स्वीकृति प्रदान गरेको छैन । हामीजस्ता संविधान जारी भएपछि नियुक्त कर्मचारीका हकमा समायोजन ऐनको दफा १२ को व्यवस्था पनि आकर्षित हुन सक्दैन । निजामती सेवामा श्रेणीगत वर्गीकरणका रूपमा नियुक्त कर्मचारीलाई समायोजनको नाममा कुनै कानुनी आधार नै नभएको प्रदेशमा वा स्थानीय तहको सेवाको तहगत संरचनामा समायोजन गरिनु समेत अन्यायपूर्ण छ । हामीलाई प्रदेश तहमा हाम्रो मञ्जुरी विना समायोजन गर्दा त्यस्तो कुनै कारण र आधार खुलाईएको छैन । यसरी विना आधार र कारण हाम्रो वृत्ति विकासमा असर पर्ने गरी गरिएको निर्णय स्वेच्छाचारी देखिन्छ । हामीलाई संघ अन्तर्गत पुल दरबन्दीमा राख्दा राज्यको सेवा प्रवाहमा पनि कुनै कमी नहुने र हामी समेत संघ अन्तर्गतकै कर्मचारी रहने अवस्था हुन्छ । संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०७५/१२/११ को निर्णय र सोही मन्त्रालयका माननीय मन्त्रीस्तरको मिति २०७६/०१/१३ को निर्णयानुसार भनी हाम्रा नाममा तयार गरिएको मिति २०७५/१२/१९ र २०७६/०२/०५ को समायोजन पत्र लगायतका विपक्षीहरूबाट यस सम्बन्धमा हामीलाई प्रतिकूल प्रभाव पार्ने गरी भएका काम कारवाही, पत्राचार, सूचना आदि निवेदकहरूका हकमासम्म उत्प्रेषणको आदेशले बदर गरी हामी निवेदकहरूलाई संघकै निजामती सेवामा समायोजन गर्नु गराउनु भनी परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पूर्ण न्याय पाउँ भन्ने समेत बेहोराको रुद्रप्रसाद पौडेल समेतले यस अदालतमा दायर गरेको निवेदनपत्र ।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफपेस गर्नु भनी विपक्षीहरूलाई म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि पेस गर्नु । दुवै पक्ष राखी छलफल गर्न उपयुक्त हुने देखिँदा सो प्रयोजनको लागि मिति २०७६/१०/२६ को पेसी तोकी विपक्षीहरूलाई सोको सूचना जारी गरी जानकारी दिनू । उक्त अन्तरिम आदेशको टुङ्गो नलागेसम्म सामान्य प्रशासन मन्त्रालयको मिति २०७५/१२/१९ र कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको मिति २०७६/०२/०५ को समायोजनपत्र कार्यान्वयन नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(क) र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५८ (२) (क) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने समेत बेहोराको यस अदालतको आदेश ।

३. विपक्षी रिट निवेदकहरूले आफूलाई समायोजन गरेको पद र स्थानमा गई हाजिर समेत भई नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको समायोजन तथा सोही समायोजन अनुरुप कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गरेको

पदस्थापनालाई स्वीकार गरिसकेको अवस्था छ । कर्मचारी समायोजन गर्दा सम्बन्धित प्रदेश र स्थानीय तहको दरवन्दी संख्या समेतलाई मध्यनजर गरी समायोजन गर्नु पर्ने भएको र हाल सोही बमोजिम कर्मचारीको समायोजन समेत भइसकेको छ । यस्तो अवस्थामा पुनः समायोजन गरी स्थानीय तहबाट संघमा ल्याउन सकिने कानूनी व्यवस्था नभएको साथै कार्यरत निकायका कर्मचारी दरवन्दीमा समेत असर पर्न सक्ने हुन्छ । पुनर्विचार गर्न सकिने कानूनी र नीतिगत व्यवस्था हुन गएमा सोही बखत विचार गरिने नै हुँदा रिट निवेदन निरर्थक छ । रिट निवेदकको नेपालको संविधान प्रदत्त मौलिक हक तथा कर्मचारी समायोजन ऐन, २०७५ द्वारा प्रदत्त कानूनी हकमा आघात नपुगेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तर्फबाट यस अदालतमा पेश भएको लिखित जवाफ।

४. नेपालको संविधानले व्यवस्था गरे बमोजिम प्रशासनिक संरचना समेत संघीय संरचना बमोजिम रुपान्तरणको चरणमा रहेको अवस्था हुँदा संघीय स्वरुपमा निजामती कर्मचारीको व्यवस्थापन गर्नु पर्ने विशिष्ट अवस्था छ । नेपालको संविधानको धारा ३०२ को उपधारा (२) मा संविधान प्रारम्भ हुँदाका बखतका सरकारी सेवामा कार्यरत कर्मचारीलाई नेपाल सरकारले कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउने संवैधानिक व्यवस्था रहे बमोजिम कर्मचारी समायोजन ऐन, २०७५ ले निजामती सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएका वा खटाइएका कर्मचारी कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तभरण लगायतका सेवा सुविधाहरू संघीय निजामती सेवाको समान श्रेणी वा तहको कर्मचारीले पाउने सुविधा भन्दा घटी बढी नहुने, प्रदेशले कानून बनाउँदा सेवा सुविधा नघट्ने गरी बनाउनु पर्ने, प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारीले सेवा निवृत्त हुँदा पाउने सुविधा सम्बन्धी कानून बनाउँदा त्यस्तो कर्मचारी नियुक्ति हुँदाको अवस्थामा रहेको कानून बमोजिमको सुविधामा प्रतिकूल असर नपर्ने गरी कानून बनाउनु पर्ने प्रावधान रहेको छ । प्रचलित कानून बमोजिम समायोजन भएको विषयमा असाधारण अधिकार क्षेत्र अन्तर्गत रिट क्षेत्रबाट अदालत प्रवेश गर्न नमिल्ने हुँदा विपक्षीको निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट यस अदालतमा पेश भएको लिखितजवाफ।

५. कर्मचारी समायोजनको सिफारिश गर्दा कर्मचारीको जेष्ठता समेतका आधार र स्वीकृत दरबन्दी भित्र रही समायोजनको सिफारिश गर्नुपर्ने भएको एवं संघको दरबन्दी संख्यामा समायोजन हुन चाहने कर्मचारीहरू निजहरू भन्दा जेष्ठ कर्मचारीको संख्यामा धेरै रहेकाले नि‍जहरूलाई संघमा समायोजनको लागि सिफारिश गर्न सकिएन । निजहरूभन्दा जेष्ठ कर्मचारी समेत प्रदेश तहमा समायोजन भई कामकाज गरिरहेको अवस्थामा संघमा रहने

दरबन्दी संख्या समेतलाई विचारै नगरी संघमा समायोजन हुन पाउनु पर्ने भन्ने विपक्षीको जिकिर निराधार छ । कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५ को उपदफा (२) बमोजिम संघ, प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी कानून नबने सम्म समायोजन हुने कर्मचारीको सेवा, शर्त र सुविधा समायोजन हुनु पूर्वको सेवाका शर्त र सुविधा वमोजिम हुने व्यवस्था रहेको र उपदफा (१) ले प्रदेश र स्थानीय तहले यस्तो कानून बनाउँदा तय गर्नुपर्ने सेवाका शर्त र सुरक्षा सम्बन्धी मापदण्ड तोकिदिएको छ । सो मापदण्ड बमोजिम पनि सेवाका शर्त र सुरक्षा सुनिश्चित गरेको छ । यस्तो अवस्थामा सेवा सुरक्षामा असर पर्ने जिकिर कानूनसंगत नहुँदा निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तर्फबाट यस अदालतमा पेश भएको लिखितजवाफ ।

**यस अदालतको आदेशः**

६. नियम बमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री हरि प्रसाद उप्रेती र विद्वान अधिवक्ता श्री नारायण प्रसाद पराजुलीले हाम्रो पक्षले संघलाई प्राथमिकतामा राखि समायोजन फाराम भर्नु भएको हो । निवेदकहरूले संघलाई प्राथमिकतामा राखेर समायोजन फाराम भरेका थिए, तर उनीहरूलाई प्रदेशमा समायोजन गरियो । प्रदेशमा समायोजन गर्दा निवेदकहरूको वृत्ति विकासमा गम्भीर असर पर्ने गरी कुनै कारण र आधार नखुलाई निर्णय गरिएको छ । निजामती सेवा ऐन, २०४९ को दफा ५८ अनुसार कर्मचारीको मञ्जुरी बिना उसको सेवाका शर्तहरूमा प्रतिकूल असर पार्न मिल्दैन । निवेदकहरूको संवैधानिक र कानुनी हक हनन भएको हुँदा समायोजन सम्बन्धी निर्णय बदर गरी संघकै निजामती सेवामा समायोजन गर्न परमादेश जारी गरिनुपर्छ भनि बहस गर्नभयो ।

७. प्रत्यर्थीहरूको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता श्री कल्पना राईले सम्बन्धित प्रदेश र स्थानीय तहको दरबन्दी संख्या समेतलाई मध्यनजर गरी समायोजन गरिएको छ । समायोजित कर्मचारीको सेवा सुविधा संघीय निजामती सेवाको समान श्रेणी वा तहको कर्मचारीले पाउने सुविधा भन्दा कम नहुने व्यवस्था गरिएको छ । हाल पुनः समायोजन गरी स्थानीय तहबाट संघमा ल्याउन सकिने कानूनी व्यवस्था छैन । कर्मचारीहरूले समायोजन स्वीकार गरी हाजिर भइसकेको अवस्थामा रिट निवेदन निरर्थक रहेकोले खारेज हुने गरी फैसला गरियोस् भनि गर्नु भएको वहस सुनियो ।

८. उपर्युक्त तथ्य र बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी हुनुपर्ने हो वा होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

९. निर्णयतर्फ विचार गर्दा, हामी निवेदकहरू संविधानतः संघमा नै समायोजन हुने प्रकृतिको कर्मचारी भएको हुँदा हामीले संघलाई प्राथमिकतामा राखेर समायोजन फाराम भरेका थियौं। संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको मिति २०७५/१२/११ को निर्णय र सोही मन्त्रालयका माननीय मन्त्रीस्तरको मिति २०७६/०१/१३ को निर्णयानुसार भनी हाम्रा नाममा तयार गरिएको मिति २०७५/१२/१९ र२०७६/०२/०५ को समायोजन पत्र लगायतका विपक्षीहरूबाट यस सम्बन्धमा हामीलाई प्रतिकूल प्रभाव पार्ने गरी भएका काम कारवाही, पत्राचार सूचना आदि सम्पूर्णलाई निवेदकहरूका हकमासम्म उत्प्रेषणको आदेशले बदर गरी हामी निवेदकहरूलाई संघकै निजामती सेवामा समायोजन गर्नु गराउनु भनी परमादेश लगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पूर्ण न्याय पाउँ भन्ने समेत बेहोराको रुद्रप्रसाद पौडेल समेतले निवेदन पेश गरेको देखिन्छ ।

१०. कर्मचारी समायोजन संविधानको धारा ३०२(२) र कानून बमोजिम गरिएको हो । समायोजित कर्मचारीहरूले नयाँ पदस्थापना स्वीकार गरिसकेका छन् । समायोजन गर्दा प्रदेश र स्थानीय तहको दरबन्दी संख्या ध्यानमा राखिएको छ । पुनः समायोजन गरी स्थानीय तहबाट संघमा ल्याउने कानूनी व्यवस्था छैन । कर्मचारीको सेवा सुविधा र सुरक्षा सुनिश्चित गरिएको छ । दरबन्दी निर्धारण प्रशासनिक र व्यवस्थापकीय विषय हो, अदालतले यसमा हस्तक्षेप गर्न मिल्दैन । जेष्ठता र स्वीकृत दरबन्दीको आधारमा समायोजन गरिएको छ । रिट निवेदकहरूको मौलिक वा कानूनी हकमा आघात नपुगेको हुँदा रिट खारेज हुनुपर्छ भनि प्रायः एकै मिलान हुने गरी प्रत्यर्थिहरूले लिखित जवाफ फिराएको देखिन्छ ।

११. नेपालको संविधान जारि भएपछि मुलुकले संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको संघीय संरचनाको अवलम्बन गरेको छ । संघीयता कार्यान्वयनका विभिन्न आयाम मध्ये प्रशासनिक संघीयता पनि एक आयाम हो । यहि आयामको प्रमुख र प्राथमिक आधार नै कर्मचारी समायोजन हो । प्रशासनिक संघियता अन्तर्गत नेपालको संविधानको धारा ३०२ मा प्रदेश र स्थानीय तहमा सरकारी सेवाहरूको गठन र सञ्चालन सम्बन्धि व्यवस्था रहेको छ । सोहि धाराको उपधारा (१) मा **प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्नेछ** भन्ने ब्यवस्था गरी प्रदेश र स्थानीय तहमा सेवा प्रवाहको ब्यवस्था गर्न संविधानले नेपाल सरकारलाई अधिकार प्रदान गरेको देखिन्छ । त्यस्तै सोही धाराको उपधारा (२) मा **उपधारा (१) बमोजिमको व्यवस्था गर्दा यो**

**संविधान प्रारम्भ हुँदाका बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्नेछ** भन्ने ब्यवस्था रहेको छ । उल्लेखित संवैधानिक ब्यवस्थाबाट कर्मचारी समायोजन सम्बन्धमा कानून निर्माण गरी संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्ने गरि नेपालको संविधानले मार्ग निर्देश गरेको पाइन्छ ।

१२. कर्मचारी समायोजन ऐन, २०७५ नेपालको संविधानको उल्लिखित ब्यवस्था कार्यान्वयन गर्न र संघीयतालाई व्यबहारिक रूपमा प्रभावकारी कार्यान्वयन गर्नका लागि जारि भएको विशेष कानून हो । उक्त ऐनको दफा ८ ले कर्मचारी समायोजनका आधारहरू निर्धारण गरेको छ । उक्त दफाको उपदफा (१) मा **यस ऐन बमोजिम सरकारी सेवाका कर्मचारीलाई संंघको पदमा समायोजन गर्दा कर्मचारीले दिएको निवेदनमा उल्लिखित प्राथमिकताक्रम बमोजिम क्रमशः कार्यरत पदको ज्येष्ठता, कार्यरत पद भन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता र उमेरको जेष्ठताको आधारमा समायोजन गरिने** ब्यवस्था गरी समायोजनलाई अनुमान योग्य बनाउने गरि विधायिकाले कानूनी ब्यवस्था गरेको छ । सोहि दफाको उपदफा २ मा **यस ऐन बमोजिम सरकारी सेवाका कर्मचारीलाई प्रदेश वा स्थानीय तहको पदमा समायोजन गर्दा कर्मचारीले दिएको निवेदनमा उल्लिखित प्राथमिकताक्रम बमोजिम क्रमशः कार्यरत पदको ज्येष्ठता, कार्यरत पद भन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता  कर्मचारी हाल कार्यरत रहेको प्रदेश वा स्थानीय तह, हालको स्थायी बसोबासको ठेगाना, नागरिकताको प्रमाणपत्रमा उल्लिखित ठेगाना, उमेरको जेष्ठताको आधारमा समायोजन गरिनेछ** भन्ने ब्यवस्था रहेको छ । उल्लेखित ब्यवस्थाले समायोजन हुने कर्मचारीहरूको समायोजन सम्बन्धमा स्पष्ट व्यवस्था गरी संघ, प्रदेश र स्थानिय तहमा समायोजन गर्ने सम्बन्धी बस्तुनिष्ट र वैज्ञानिक तवरले समायोजनको परिकल्पना गरेको देखियो । त्यस्तै उपदफा (३) ले **उपदफा (२) बमोजिम प्रदेश वा स्थानीय तहको सेवामा कर्मचारी समायोजन गर्दा सम्भव भएसम्म पति पत्नीलाई एकै जिल्लामा पर्ने गरी समायोजन गरिनेछ** भन्ने ब्यवस्था गरेको छ ।

१३. त्यस्तै, सोहि दफाको उपदफा (४)मा **उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनले निर्धारण गरेको कडा रोग लागेको वा गम्भीर शारीरिक अशक्तता भएको भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डले प्रमाणित गरेका कर्मचारीलाई निर्देशन तथा समन्वय समितिको सिफारिसमा सेवा सञ्चालन गर्ने निकायले उपयुक्त ठहऱ्याए बमोजिम समायोजन गर्नेछ** भन्ने ब्यवस्था रहेको छ । यी निवेदकहरूले आफूलाई संघिय निजामती सेवामा रहेर काम गर्न पर्ने गरि संघीय निजामती सेवाको दरबन्दि मात्र भएको स्थानमा रहि उपचार गराउनु पर्ने अवस्थाको विद्यमानता रहेको भनी

नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भएको स्वास्थ्य सम्बन्धि लिखत कागजात पेश गर्न र निवेदनमा दावि गर्न समेत सकेको देखिँदैन ।

१४. यी निवेदकहरूले आफ्नो सेवाको सुरक्षाका सम्बन्धमा लिएको दाविका सम्बन्धमा हेर्दा, कर्मचारी समायोजन ऐन, २०७५ दफा १५ मा सेवाका शर्त र सुरक्षा सम्बन्धी मापदण्डहरू तोकिएको छ । उक्त दफाको उपदफा (१) मा **प्रदेश वा स्थानीय तहले प्रदेश वा स्थानीय तहको सेवाको गठन सम्बन्धी कानून बनाउँदा (क) प्रदेश निजामती सेवा तथा स्थानीय सेवा सम्बन्धी कानून बनाउँदा कर्मचारी छनौट, भर्ना, नियुक्ति, सरुवा, बढुवा, आचरण र विभागीय सजायका विषयमा सङ्घीय निजामती सेवा सम्बन्धी कानूनका आधारभूत सिद्धान्त र मान्यतालाई आधारको रुपमा लिने, (ख) प्रदेश निजामती सेवा र स्थानीय सेवाको पदमा प्रदेश लोकसेवा आयोगको सिफारिसमा नियुक्ति हुने व्यवस्था गर्ने, (ग) प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारी अवकाश नभएसम्म त्यसरी समायोजन हुँदाको पद कायम रहने गरी सङ्गठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने, (घ) समायोजन हुँदाका बखत कानून बमोजिम खाईपाई आएको तलब भन्दा कम तलब नहुने कुरा सुनिश्चित गर्ने, (ङ) प्रदेशको सेवामा समायोजन भएका कर्मचारीलाई सम्बन्धित प्रदेश र अन्तर्गतका कार्यालयमा सम्बन्धित सेवा, समूहको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुने कुरा सुनिश्चित गर्ने, (च) स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारीहरु सम्बन्धित प्रदेशमा रहेका स्थानीय तहमा कानून बमोजिम सरुवा हुन सक्ने व्यवस्था गर्ने, (छ) यस ऐन बमोजिम प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारीलाई अन्तर सेवा प्रतिस्पर्धामार्फत प्रदेश वा स्थानीय तहको सेवाको पदमा पदोन्नतीको अवसर प्रदान गर्ने समेतको व्यवस्था गर्नु पर्नेछ** भन्ने ब्यवस्था रहेको छ । उक्त दफाको उपदफा (२) मा **समायोजन हुने कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्थाहरू समायोजन हुनु पूर्वको सेवाका शर्त र सुविधा बमोजिम नै ब्यवस्था गरी समायोजन भएका कर्मचारीको सेवाका सर्तहरू पूर्ववत रहने छ** भन्ने ब्यवस्था गरी सेवा सर्तमा नकारात्मक असर नपर्ने विषयको सुनिश्चित गरेको छ । सोहि दफाको उपदफा (३) ले **समायोजन भएका कर्मचारीको समायोजन हुँदाका बखत लागू रहेको कानून बमोजिमको तलब, उपदान, निवृत्तभरण, उपचार खर्च र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर पर्नेगरी कानून बनाउन पाइने छैन** भन्ने ब्यवस्था गरी समायोजन भएका कर्मचारीको सेवा सुविधामा प्रतिकुल असर पर्ने गरि कानून बनाउन रोक लगाएको देखिएको अवस्थामा समायोजनबाट यी निवेदकहरूको सेवा सुविधामा नकारात्मक असर पर्ने अवस्थाको गुञ्जायस नै देखिँदैन । त्यस्तै यी निवेदक कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्वेच्छाले समायोजन प्रक्रियामा सहभागी भएको समेत देखिन्छ ।

१५. समायोजनको कारण यी निवेदकले आफ्नो वृति विकासको मार्ग साँघुरिएको भनि जिकिर लिएको सन्दर्भमा समेत हेर्नु पर्ने देखियो । सो सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ दफा १५ को उपदफा (४) मा **यस ऐन बमोजिम सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएका कर्मचारीलाई सङ्घीय निजामती सेवा सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम सङ्घीय निजामती सेवाको पदमा अन्तरसेवा प्रतिष्पर्धा मार्फत बढुवाको अवसर प्रदान गरिनेछ** भन्ने ब्यवस्था रहेको छ । उल्लेखित ब्यवस्थाले यी निवेदकलाई सङ्घीय निजामती सेवाको पदमा अन्तरसेवा प्रतिस्पर्धामार्फत् बढुवाको अवसर समेत प्रदान गरेको देखिएको अवस्थामा निवेदकको वृत्ति विकासमा अवरोध गरेको मान्न मिल्ने देखिएन । यस अवस्थामा निवेदनकको वृतिविकासमा अधवरोध भएको भन्ने दावीसँग सहमत हुन सकिने देखिएन ।

१६. प्रवीण खनालसमेत विरुद्ध लोकसेवा आयोगसमेत भएको उत्प्रेषणसमेत रिट नं. ०७८-WC-०१३६ को निवेदनमा यस अदालतको संवैधानिक इजलासबाट **निवेदकहरूलाई प्रदेशमा समायोजन गरेबाट निजहरूको संवैधानिक तथा कानूनी हकाधिकारमा आघात पुग्न गएको भनी भन्न सकिंदैन। त्यसैले निवेदन माग बमोजिम निवेदकहरूलाई प्रदेशमा समायोजन गर्ने गरी भएको निर्णय र सो सम्बन्धी अन्य काम कारवाहीलाई उत्प्रेषणको आदेश जारी गरी बदर गर्न र निजहरूलाई संघमा नै समायोजन गर्ने गरी परमादेश लगायतका आदेश जारी गर्न मनासिब देखिएन**[१] भनी आदेश भएको छ ।

१७. नेपालको संविधान बमोजिम मुलुक तीन तहको संघीयतामा पुनर्संचना भएको अवस्थामा संघीय संरचना अनुरूप प्रशासनिक निकायको समेत पुनर्संरचना गर्नु राज्यको अपरिहार्य विषय हो । त्यसैले कर्मचारी समायोजन प्रक्रिया राज्य पुनर्संरचनाको अभिन्न अंगको रूपमा रहेको छ । राष्ट्र सेवक कर्मचारीले व्यक्तिगत चाहना भन्दा राष्ट्रिय आवश्यकतालाई प्राथमिकता दिनुपर्ने हुन्छ । सरकारले खटाएको स्थानमा काम गर्नु राष्ट्र सेवक कर्मचारीको मूलभूत कर्तव्य हो । संविधान र कानूनको पालना गर्नु सम्पूर्ण नागरिकको कर्तब्य हो । त्यसमा पनि राष्ट्रसेवक कर्मचारीले थप प्रभावकारी रूपमा संवैधानिक र कानूनी ब्यवस्थाको पालना गर्नु पर्नेहुन्छ । संविधान, कानून र राज्यले अवलम्बन गरेका नीतिहरूको पालना गर्नु राष्ट्र सेवक कर्मचारीको पेशागत दायित्व र आचरण समेतको विषय भएकाले कुनै पनि वहानमा कानूनी ब्यवस्थाको पालनाबाट विमुख हुन मिल्ने हुँदैन ।

१८. नेपालको संविधानको धारा ३०२ अनुसार राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले राज्यका तीन तहमा समायोजन गर्न सक्ने नै देखिन्छ । संविधानको व्यवस्थाअनुसार

[१] https://supremecourt.gov.np/cp/assets/downloads/supreme_250643.pdf

कर्मचारी समायोजन गर्नका लागि कर्मचारी समायोजन अध्यादेश, २०७५ जारी भएको देखियो । उल्लेखित कानूनले नर्धारण गरेको मापदण्ड बमोजिम नै कर्मचारी समायोजनको आवेदन माग गरी समायोजन गरेको पाइयो । यी निवेदकहरूसमेतले तोकेको मितिभित्र समायोजन फाराम भरी समायोजन प्रक्रियामा स्वेच्छा पूर्वक सहभागी भएको देखियो । यी निवेदकहरूलाई प्रदेश निजामती सेवामा समायोजन गरिए पनि निजहरूलाई कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ७ को उपदफा (२)(ख) बमोजिम सम्बन्धित सेवा, समूह, उपसमूहको ऐ. को उपदफा (४) बमोजिम कायम हुने तहमा नै समायोजन गरेको पाइन्छ । सोही उपदफाको व्यवस्थानुसार खाईपाई आएकोमा दुई ग्रेड समेत थप गरिने व्यवस्थाको समेत पालना गरेको देखिन आयो । उल्लेखित सुविधाको परिपालना भएन भन्ने सम्बन्धमा निवेदकहरूले दावी गरेको देखिएन । प्रदेश निजामती सेवा र स्थानीय तहको सेवाको पदमा समायोजन भएका कर्मचारीको खाईपाई आएको तलब, उपदान, निवृत्तिभरण, सरुवा, बढुवा लगायतका सेवा सुविधा र सेवाका शर्तमा प्रतिकूल असर नपर्ने गरी प्रदेश निजामती सेवा तथा स्थानीय तहको सेवाको पदमा कर्मचारी सेवा सम्बन्धी कानून बनाउनु पर्ने गरी कर्मचारी समायोजन ऐन, २०७५ ले व्यवस्था गरे बमोजिम नै समायोजन भएका कर्मचारीको सेवा शर्त र सुविधाको पनि प्रत्याभूत गरेको छ। यसबाट निजामती सेवा ऐन, २०४९ को दफा ५८ अनुसारको नियुक्ति हुँदा तत्काल लागु रहेको निजहरूले खाईपाई आएको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर परेको भन्ने नदेखिँदा निवेदनमा उल्लेखित जिकिर स्वीकार योग्य देखिएन ।

१९. नेपालको संविधान जारी हुँदाका बखत कार्यरत कर्मचारी र नेपालको संविधान जारी भएपश्चात समायोजन प्रक्रिया प्रारम्भ हुनु पूर्व नियुक्त कर्मचारीको वैधानिक हैसियतमा कुनै प्रकारको भिन्नता रहेको छैन । संविधान जारी हुँदाका बखत कार्यरत कर्मचारी तथा नेपालको संविधान जारी भएपछि नियुक्त भएका सवै कर्मचारीहरू एकात्मक संरचनाको प्रशासनिक प्रणाली रहेको अवस्थाको कानून तथा पद्धति अनुसार नै नियुक्त भएका हुँदा निजहरूलाई संघीय संरचना अनुसारको समायोजन प्रक्रियामा समायोजन गर्नु पर्ने नै देखियो। यस्तो अवस्थामा यी निवेदकहरूलाई प्रदेश निजामती सेवाको पदमा समायोजन गरेबाट यी निवेदकहरूको संवैधानिक तथा कानूनी हकाधिकारमा आघात पुग्न गएको भन्न मिल्ने देखिएन । त्यसैले निवेदन माग बमोजिम निवेदकहरूलाई प्रदेश निजामती सेवाको पदमा समायोजन गर्ने गरी भएको निर्णय र सो सम्बन्धी अन्य काम कारवाहीलाई उत्प्रेषणको आदेश जारी गरी बदर गर्न र निजहरूलाई संघमा नै समायोजन गर्ने गरी परमादेश लगायतका आदेश जारी गर्न मनासिब हुने देखिएन ।

२०. अतः माथि विवेचित आधार र कारणहरूबाट निवेदकले समायोजन फाराम भरि समायोजन प्रक्रियमा सहभागि भएको देखिँदा प्रदेश निजामती सेवाको पदमा समायोजन गर्ने गरी भएको निर्णय र सो आधारमा भएका पत्राचार लगायतका काम कारवाहीहरू संविधान र कानूनसम्मत नै देखिएबाट यी निवेदकहरूको संवैधानिक तथा कानूनी हकाधिकारमा आघात पर्न गएको नदेखिएकोले निवेदन माग बमोजिमको आदेश जारी गर्न पर्ने देखिएन । रिट निवेदन खारेज हुने ठहर्छ । यस अदालतबाट मिति २०७६/१०/१५ मा जारी भएको अल्पकालिन अन्तरिम आदेश स्वतः निष्कृय हुन्छ ।

२१. प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत् विपक्षीहरूलाई दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी प्रस्तुत आदेश यस अदालतको मुद्दा ब्यवस्थापन प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

**सुनिल कुमार पोखरेल**
न्यायाधीश

उक्त रायमा सहमत छु।

**मनोजकुमार शर्मा**
न्यायाधीश

इजलास अधिकृत:- दुर्गादत्त लम्साल
कम्प्युटर अपरेटर :- प्रेमबहादुर थापा
इति संवत् २०८० साल चैत ०१ गते रोज ५ शुभम् ---------------------------।